नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय, दमौली
**करदाता सेवा कार्यालय, गोरखा**
**गोरखा**

फोन नं ०६४-४२००६६ (कार्यालय)
कार्यालय प्रमुखः ९८५६०७२०६६
सूचना अधिकारीः ९८५६०७२०६७
इमेलः tso-gorkha@ird.gov.np
वेभसाइटः www.ird.gov.np
कार्यालय कोडः ३०५०४३६०१

पत्र संख्याः २०८०।०८१

चलानी नं

मितिः २०८०।०५।१०

## कर कानून परिपालना सम्बन्धी अत्यन्त जरुरी सूचना !

यस कार्यालय अन्तर्गतका सम्पूर्ण करदाता एवं व्यवसायीहरुले कर कानूनको परिपालनाको विषयलाई अत्यन्त संवेदनशीलताका साथ लिनुभई स्वेच्छिक कर सहभागितालाई प्रवर्द्धन गर्नु/गराउनु हुन अनुरोध छ ।कर कानूनको परिपालनाको नभएको अवस्थमा यस कार्यालय तथा विभागबाट जुनसुकै बखत पनि अनुगमन तथा निरीक्षण हुन गई आयकर ऐन, २०५८ नियमावली २०५९, मू.अ.क. ऐन २०५२ तथा नियमावली २०५३ र अन्तशुल्क ऐन, २०५८ तथा नियमावली २०५९ साथै अन्य प्रचलित कानून बमोजिम दण्ड, जरिवाना तथा कर निर्धारण हुन सक्ने भएकाले तपशिल बमोजिम गर्नुहुन सम्बद्ध सबैको जानकारीका लागी अनुरोध छ।

तपसिलः-

१. कुनै पनि व्यवसाय दर्ता नगरी (स्थायी लेखा नं. नलिइ) सञ्चालन नगर्नु नगराउनुहुन र यदि दर्ता नगरी सञ्चालनमा रहेको भए तुरुन्त कार्यालयमा आइ दर्ता गर्नुहुन,
२. अन्तशुल्कजन्य वस्तु (मदिरा, सूर्तिजन्य वस्तु तथा अन्तशुल्कजन्य अद्यौगिक उत्पादन) को कारोवार गर्दा अनिवार्य रुपमा इजाजत लिइ वार्षिक नवीकरण गराइ मात्र व्यवसाय सञ्चालन गर्नुहुन,
३. अन्तःशुल्कजन्य वस्तुको कारोवार गर्दा अनिवार्य रुपमा आन्तरिक राजस्व विभागले उपलब्ध गराएको अन्तशुल्क टिकट लगाएको यकिन गरेर मात्र विक्रि वितरण तथा निकासी गर्नु गराउनुहुन,
४. कारोवार रकम यकिन गरि मू.अ.क. थ्रेसहोल्ड (वस्तु कारोवार वार्षिक ५० लाख र बस्तु र सेवा वा सेवा मात्र कारोवार २० लाख) कटेमा तुरुन्त कार्यालयमा सम्पर्क गरी मू.अ.क. (VAT) मा दर्ता गरी कारोवार गर्नुहुन,
५. प्रत्येक कारोवारमा विल लिने/दिने तथा खरिद बिक्री खाता अद्यावधिक (Update) गर्नुहुन,
६. कारोवार स्थलमा सबैले देख्ने ठाउँमा करपाटी तथा कर दर्ता प्रमाणपत्र राख्नुहुन,
७. विद्युतीय विजक जारी गर्ने करदाताले आन्तरिक राजस्व विभागको विद्युतीय विजक सम्बन्धी कार्यविधि अनुसरण गर्नुहुन,
८. कर परिपालना तथा सहभागिताका लागि प्रचलित ऐन तथा कानूनको पूर्ण रुपमा पालना गर्नु गराउनुहुन।

२०८०-०५-१०

(हिमलाल थापामगाई)
कर अधिकृत

हिमलाल थापामगाई
कर अधिकृत